आज मिति २०८३/०१/०४ गते शुक्रबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री हरिमोहन सुतिहार | सचिव | |

निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १७(२) बमोजिम गणपुरक संख्या नपुगेकोले मिति २०८[illegible] बैशाख ४ गतेको कार्यपालिका बैंठक स्थगित गरियो ।

दिलेश कुमार यादव
अध्यक्ष

रुपनी गाउँपालिका
कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

आज मिति २०८३/०१/०७ गते सोमबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री हरिमोहन सुतिहार | सचिव | |

प्रस्ताव नं. १ "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।
निर्णय नं. १ उक्त प्रस्ताव माथि छलफल गर्दा उल्लेखित प्रस्ताव उपर वृहत छलफल गर्नु पर्ने भएकोले अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ विशेष गाउँ सभा तय गर्ने सम्बन्धमा । ।
निर्णय नं. २ उक्त प्रस्ताव माथि छलफल गर्दा उल्लेखित प्रस्ताव उपर वृहत छलफल गर्नु पर्ने भएकोले अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ कृषि विधुत महसुल भुक्तानी सम्बन्धमा ।
निर्णय नं. ३ उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका कृषकहरुको कृषि विद्युत महशुल शतप्रतिशत गाउँपालिकाबाट भुक्तानी हुन आ.व. २०८२/०८३ को सम्पन्न गाउँसभाबाट बजेट विनियोजन भएकोमा चालु आ.व. २०८२/०८३ को चैत्र मसान्त सम्म रु. **१४,५५,६१८।००** को नेपाल विद्युत प्राधिकरणबाट विल प्राप्त भएकोमा बिल बमोजिमको रकम भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै अव उपरान्त सिंचाइको लागि प्रयोग हुने कृषि मिटर प्रयोग गरे वापत प्राप्त हुने विल आवश्यक कागजात लिई सम्बन्धित किसानलाई नै भुक्तानी र मास्टर मिटरको हकमा विल प्राप्त भए पछि नेपाल विद्युत प्रधिकरणलाई भुक्तानी दिने गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४ विविध ।

१. संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं. ३४९ मिति २०८२/१२/२४ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८२/१२/१३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरु अन्तर्गत बुंदा ९२ मा उल्लेखित पालिका भित्रका सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न परिपत्र भए बमोजिम यस गाउँपालिकाको ६ वटै वडामा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरी सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न सम्बन्धीत वडाहरुले वडा समितिमा आवश्यक छलफल गरी सूचना प्रकाशन गर्न र सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रिमकमा आधारित सामुदायिक आयोजना संचालनको लागि सङ्घीय सरकारबाट प्राप्त शसर्त बजेट बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८२/०८३ को बुँदा नम्वर १८ मा रोजगार आयोजना संचालनको लागि ज्याला रकम (क्रियाकलापक कार्यान्वियनको लागि स्थानीय तहले कम्तिमा शत् प्रतिशत रकम साझेदारी गर्नुपर्नेछ । अन्तर्गत विनियोजन भएको बजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ ।स्थानीय तहले गर्नुपर्ने शतप्रतिशत साझेदारी अन्तर्गत स्थानीय तहको निर्णयानुसार वस्तु,सेवा तथा सामाग्रीमा खर्च गर्ने सक्नेछन भनी उल्लेख भएकोमा आगामी का.पा वैठकमा सो सम्बन्धी छलफल गर्ने भनी निर्णय गरियो।